नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल
(संस्कृति महाशाखा)

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्याः ०७७/०७८
च.नं.: ८८

मिति- २०७७/७/१८

श्री उद्योग, पर्यटन, बन तथा वतावरण मन्त्रालय
लुम्विनी प्रदेश, बुटवल ।

बिषय- एक प्रदेश एक साँस्कृतिक पर्व सम्वन्धमा ।

प्रस्तुत विषयमा, मुलुक संघीय संरचनामा रुपान्तरण भैसकेको वर्तमान सन्दर्भमा संस्कृति संरक्षण र प्रवर्द्धन गर्न तीनै तहका सरकार बीच सहकार्य र समन्वय आवश्यक भएको छ ।यसै पक्षलाई मनन गरी मन्त्रालयले सातै प्रदेशका सरकारसँगको समन्वयमा सम्बन्धित प्रदेशको सिफारिशमा हरेक प्रदेशमा एक प्रमुख पर्व छनौट गरी सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी समावेशी ढंगले प्रदेश सरकार र स्थानीय तहहरुसँग समन्वय गरी भव्यतापूर्वक मनाउने सोच लिएको छ ।यसै सोचलाई साकार गर्न चालु आ. ब.०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रममा प्रत्येक प्रदेशको एक पर्व संचालनको लागि अनुदान उपलव्ध गराउन रु. एक करोड पाँचलाख वजेट विनियोजन भएको छ ।

प्रत्येक प्रदेशको प्रमुख सांस्कृतिक पर्वको पहिचान गरी सोको संरक्षण एवं प्रवर्द्धनमा राज्यले आफ्नो प्राथमिकता निर्धारण गर्न सान्दर्भिक हुने देखिएको सन्दर्भमा प्रदेशगत रुपमा त्यस प्रदेशभित्र रहेका सांस्कृतिक पर्वहरु मध्ये पर्व मनाउने जनसंख्या, जिल्ला, पर्वको प्रसिद्धी, समावेशीता, पर्यटन प्रवर्द्धन हुने, बढी क्रियाकलाप समेट्ने, समयावधि, वातावरणीय पक्ष, साझा पर्वको रुपमा मनाइने पर्व, स्थान र पहुँचको अवस्था आदिलाई विचार गरी उपयुक्त एक पर्व छनौट गरी अनुदानका लागि सिफारिस गरि पठाउन निर्णयानुसार अनुरोध छ ।यसरी सिफारिस पठाउँदा देहायका आधार लिन सकिनेछ ।

**क. पर्व छनौट सम्वन्धमा देहायका आधारहरु लिन सकिनेछः-**

१. **पर्व मनाउने जनसंख्या र जिल्ला संख्या :** धेरै जिल्लामा अधिक जनसंख्याले मनाउने सम्बन्धित प्रदेशको प्रमुख पर्वलाई छनौटमा प्राथमिकतामा रहने । साथै धेरै जिल्लामा एकैपटक मनाइने प्रकृतिको पर्व ।

२. **पर्वको प्रसिद्धिः** उपलब्ध आधिकारिक सूचनाको आधारमा देशव्यापी रुपमा सो प्रदेशमा मनाइने उक्त पर्वले ख्याती आर्जन गरेको तथा सम्बन्धित प्रदेशको ब्राण्डको रुपमा स्थापित हुन सक्ने प्रकृतिको पर्व ।प्रादेशिक रुपमा अलग्गै पहिचान प्रदान गर्ने पर्व साथै सामाजिक सद्भाव, सहिष्णुता र सामाजिक रुपान्तरण गर्ने प्रकृतिको पर्व ।

३. **समावेशीताः** सम्बन्धित प्रदेशमा सकेसम्म धेरै समुदायले मनाउने प्रकृतिको खास पर्वलाई प्राथमिकता दिनुका साथै हरेक वर्ष सम्भव भएसम्म धार्मिक सहिष्णुता, लिङ्ग,जातजाति र समुदायलाई समेट्ने गरी पर्व छनौट गर्नुपर्ने । स्थानीय रुपमै विकास भएको/उत्पत्ति (Origin) भएको पर्वलाई बढी प्राथमिकता दिइने ।

४. **पर्यटन प्रवर्द्धनमा सहयोगीः** पर्वका माध्यमबाट संस्कृतिको जगेर्ना गर्नुका साथै पर्यटकीय प्रवर्द्धनमा सहयोगी हुने गरी सांस्कृतिक उद्यमशीलतालाई बढावा दिने प्रकृतिको पर्व ।

क्रमशः

Website: www.tourism.gov.np|Email: info@tourism.gov.np
फोन नं.-मन्त्री : ०१-४२११८७९, ०१-४२११८७०, ०१-४२११६६९, ४२११६२०, ४२११८४७, ४२११६२४, ४२११९०९
एक्चस्चेन्ज नं.: ४२११८४६, ४२११८२५, ४२११५९६, ४२११८१८, ४२११७८५
फ्याक्स नं.: प्रशासन-४२११७५८, मन्त्रीज्यूको सचिवालय ४२११९९२

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.:

५. **बढी क्रियाकलाप समेट्ने:** पूजाअर्चनाका साथै नृत्य, संगीत, न्याली, जात्रा एवं राष्ट्रिय महोत्सव समेतका प्रचार प्रसार र प्रवर्द्धन र स्थानीय उपजको विक्रि वितरण लगायतका विविध क्रियाकलाप समेट्ने प्रकृतिको ।

६. **अवधि :** तुलनात्मक रुपमा केहि लामो अवधिसम्म मनाइने प्रकृतिको पर्वलाई प्राथमिकता दिइने।

७. **वातावरणीय पक्ष :** वातावरणमा प्रतिकूल असर नपर्ने खालको पर्वलाई प्राथमिकता दिइने।

८. **साझा पर्वको रुपमा मनाइने पर्व:** अधिकांश जात, जाति, भाषा, संस्कृति तथा समुदायको साझा पर्वको मान्यता दिन सकिने सांस्कृतिक पर्वको रुपमा रहेको ।

९. **पर्वको मुख्य स्थान र पहुँचको अवस्था:** पर्व मनाइने स्थानमा आवागमनको पहुँच तुलनात्मक रुपमा सहज हुने प्रकृतिको ।

**ख. देहायको विधि एवं छनौटको प्रकृया अपनाउन सकिनेछ**

१. प्रदेशको सम्बन्धित मन्त्रालयले सो सम्वन्धी सार्वजनिक सूचना प्रकाशन गरी उक्त सूचना प्रकाशन पश्चात प्राप्त भएका पर्वहरुमध्येबाट एक पर्व छनौट गरी यस मन्त्रालयमा सिफारिश गरी पठाउनुपर्नेछ ।

**ग. आर्थिक तथा अन्य व्यवस्थाका सम्वन्धमा देहाय बमोजिम गर्न सकिनेछ ।**

१. सम्बन्धित प्रदेशबाट सिफारिश भै आएका पर्वहरु मनाउनका लागि अनुदान उपलब्ध गराइनेछ ।

२. मन्त्रालयले स्वीकृत गरेको पर्व मनाउन उपलब्ध गराइएको अनुदान निर्दिष्ट कार्यमा प्रदेश मन्त्रालयले प्रचलित कानून बमोजिम खर्च गरी अभिलेख राख्नुपर्नेछ ।

३. पर्वलाई भव्यतापूर्व मनाउन मन्त्रालयबाट प्राप्त अनुदानका अतिरिक्त प्रदेश र सम्बन्धित स्थानीय तहले पनि लागत व्यहोर्न सक्नेछ ।यसो गर्दा संस्कृति र भाषा सम्वर्द्धन, प्रवर्द्धन, संरक्षण र विकास हुने गरी नीति अवलम्वन गर्नुपर्नेछ ।

४. पर्व सम्पन्न भए पश्चात सो सम्वन्धी साँस्कृतिक सामाजिक तथा आर्थिक पक्ष लगायतका विभिन्न विषय सहितको प्रतिवेदन यस मन्त्रालयमा पठाउनु पर्नेछ ।

५. मन्त्रालयबाट प्रदान गरिएको अनुदान वापत प्राप्त हुने रकम खर्च गर्ने, सो को लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी सम्वन्धित प्रदेश मन्त्रालयको हुनेछ ।

६. पर्व मनाउने कार्यलाई व्यवस्थित गर्न प्रदेशको तालुक मन्त्रालयका श्रीमान् सचिवज्यूको संयोजकत्वमा एक उच्चस्तरीय व्यवस्थापन संमिति गठन गर्न सक्नेछ । सो समितिमा मन्त्रालय र नेपाल पर्यटन वोर्डको प्रतिनिधित्व हुनुपर्नेछ ।

७. स्वीकृत पर्व मनाउन मन्त्रालयले उपलव्ध गराउने अनुदान रकम बाहेक अन्य थप आर्थिक दायित्व व्यहोरिने छैन।

७६/८/१८

(जयन्ती श्रेष्ठ प्रधान)
पुरातत्व अधिकृत

Website: www.tourism.gov.np|Email: info@tourism.gov.np
फोन नं.-मन्त्री : ०१-४२११८७९, ०१-४२११८७०, ०१-४२११६६९, ४२११६२०, ४२११८४७, ४२११६२४, ४२११९०९
एक्चस्चेन्ज नं.: ४२११८४६, ४२११८२५, ४२११५९६, ४२११८१८, ४२११७८५
फ्याक्स नं.: प्रशासन-४२११७५८, मन्त्रीज्यूको सचिवालय ४२११९९२